नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन:- ०१-४२००३०९

पत्र संख्या:- २०७३/७४
चलानी नं:-

सिंहदरबार, काठमाण्डौ ।

## प्रेस विज्ञप्ति

माननीय उपप्रधान तथा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री कमल थापाज्यूले मिति २०७३।११।२७ गते सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पदबहाली गर्नु भयो । पदबहालीको क्रममा माननीय उपप्रधानमन्त्रीले मन्त्रालयका सचिव, सहसचिव, उपसचिव लगायत सम्पूर्ण कर्मचारीहरुलाई मन्त्रालयबाट हुने काम कारबाहीहरुलाई अझ प्रभावकारी बनाउने, सेवा प्रवाह, विकास निर्माणमा थप मेहनत गरी सक्षम, सबल र व्यवस्थित स्थानीय तह हस्तान्तरण गर्ने व्यवस्था गर्न निर्देशन दिनुभयो । आसन्न स्थानीय तहको निर्वाचनलाई ध्यान दिंदै उपप्रधानमन्त्रीले चुनावमा आवश्यक सबै सहयोग पुर्याउन मन्त्रालय र मातहत निकायलाई निर्देशित गर्नुभयो। यस्को लागि कर्मचारीहरुले थप परिश्रम गर्नु पर्ने आवश्यकतामाथि जोड दिनुभयो।

आजै दिनको ११:३० बजे सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा माननीय उपप्रधान तथा स्थानीय विकास मन्त्री कमल थापाको उपस्थितिमा पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भयो। सो अवसरमा वहांले स्थानीय तहको संख्या निर्धारण भएको नेपाल राजपत्र सार्वजनिकरण गर्नुभयो। छ दशकपछि स्थानीय निकाय स्थानीय तहमा रुपान्तरण भै व्यवस्थापकीय, कार्यपालिकीय र केही हदसम्म न्यायपालिकीय अधिकार प्राप्त भई जनताको शासन जनताकै घरदैलोमा पुगेकोले यो ऐतिहासिक अवसर भएकोले यसले आमूल परिवर्तनको सन्देश स्थानीय तहसम्म पुर्याएको छ भन्नुभयो। उक्त अवसरमा वहांले नवगठित स्थानीय तहको कार्यालय स्थापना, कर्मचारीको ब्यवस्थापन, लेखा व्यवस्थापन लगायतको कार्ययोजना कार्यान्वयनमा ल्याई सबल, सक्षम र व्यवस्थित स्थानीय तह निर्माणमा जोड दिनुभयो। आफू निर्वाचन गर्ने सरकारमा गएको र सरकारमा रहेर चुनाव गर्ने वातावरण सिर्जना गर्नमा प्रतिबद्ध रहेको कुरा व्यक्त गर्नुभयो। सो कार्यक्रममा माननीय उपप्रधानमन्त्रीज्यूले आजै राजपत्रमा प्रकाशन भएको ७४४ वटा स्थानीय तहको नयां संरचना कार्यान्वयनमा आएकोले सोही बमोजिम स्थानीय तह मार्फत कार्य संचालन हुने बताउनु भयो । कार्यक्रमको अन्त्यमा वहांले पत्रकारहरुबाट सोधिएका जिज्ञासाको जवाफ दिनु भएको थियो।

मिति: २०७३।११।२७

..........................
केदारनाथ शर्मा
प्रवक्ता